# धर्मदेवी नगरपालिका
# Dharmadevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
मुडेशनिश्चरे, सङ्खुवासभा
Mudhesanischare, Sankhuwasabha

| | |
|---|---|
| प.सं./Ltr. No. :- ०७८/०७९ | १ नं. प्रदेश, नेपाल |
| च.नं./Ref. No. :- | Province No. 1, Nepal |

## लेखा परिक्षक सूचीकृत हुनेसम्बन्धी सूचना ।

**प्रथम पटक प्रकासित मितिः २०७८/०५/२४**

प्रस्तुत सूचनाका सम्बन्धमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०७७/०७८ को आर्थिक कारोबारको लेखा परिक्षण गर्नका लेखा परिक्षकमा सूचीकृत हुन चाहने व्यक्ति वा फर्मले तपसिलका कागजात संलग्न राखी यो सूचना प्रकासित भएको मितिले १५ दिनभित्र रु.१,०००/- (अक्षरेपीः एक हजार) मात्र यस कार्यालयको नाममा जम्मा गरेको नगदी रसिदको सक्कलै प्रति राखी शिक्षा शाखामा निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकासित गरिएको छ ।

### तपसिल

१. सूचीकृत हुन पाऊ भन्ने निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
४. पेशागत प्रमाण पत्र ICAN मा दर्ता भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपि
५. नवीकरण प्रमाण पत्रको प्रतिलिपि
६. स्थायी लेखा नं प्रमाण पत्रको प्रतिलिपि
७. आ. व. ७७/७८ कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
८. लेखा परिक्षक बहाल कर्मचारी भए विभागीय स्विकृत पत्रको प्रतिलिपि

### शर्तहरु

१. सूचीकृत हुने व्यक्ति वा फर्मले यस कार्यालयको **नेपाल एस. बि. आई. बैक लि.**, **धर्मदेवी शाखा**मा रहेको **आन्तरिक राजस्व खाता नं. ग-१-१, ४१३९५२४१२०७००४** मा रु. १,०००/- (अक्षरेपीः एक हजार) मात्र जम्मा गरेको भौचर वा यस कार्यालयको राजस्व शाखामा रु.१,०००/- (अक्षरेपीः एक हजार) मात्र बुझाई लिएको रसिदको सक्कलै प्रति समावेश गर्नुपर्नेछ।
२. निवेदन दिने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट निवेदन दर्ता गर्न सकिनेछ ।
३. लेखा परिक्षक सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार धर्मदेवी नगरपालिकामा निहित रहनेछ ।
४. रित नपुगी वा समयभन्दा पछि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत